**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ पुस १२**

---

## यौन अल्पसङ्ख्यकका सम्बन्धमा सर्वोच्च अदालतले गरेको निर्णयको उच्चायुक्तको कार्यालय–नेपालद्वारा स्वागत

उच्चायुक्तको कार्यालय–नेपाल अन्य व्यक्ति जस्तै यौन अल्पसङ्ख्यक समुदायका सदस्यहरूले यौन अभिमुखीकरण वा पहिचानको आधारमा हुने भेदभावबिना मानवअधिकारको उपभोग गर्न पाउने तथा त्यस्तो संरक्षणको उपभोग गर्दै पूर्ण सम्मानका साथ बाँच्न पाउनुपर्छ भन्ने कुरा राज्यले सुनिश्चित गरोस् भनी सर्वोच्च अदालतले गरेको निर्णयको स्वागत गर्दछ।

यस निर्णयले यौन अल्पसङ्ख्यक समुदायका सदस्यविरुद्धका सबै भेदभावलाई अन्त्य गर्न तथा अन्तर्राष्ट्रिय मानवाधिकार कानुनद्वारा परिभाषा गरिएअनुरूप सबै अधिकारको यौन अल्पसङ्ख्यक समुदायद्वारा उपभोग गरिने अनुकूल वातावरण सृजना गर्नलाई नयाँ कानुन बनाउन वा विद्यमान कानुनलाई संशोधन गर्न नेपाल सरकारलाई निर्देशन गऱ्यो। कसैलाई पनि लिङ्गलगायत कुनै पनि कारणका आधारमा भेदभाव गरिनु हुँदैन भन्ने कुरा अन्तर्राष्ट्रिय मानवाधिकार कानुनका आधारभूत सिद्धान्तमध्ये एक हो।

शान्ति प्रक्रियाको सन्दर्भमा सर्वोच्च अदालतको निर्णयले भावी नेपाल साँच्चिकै समावेशी तथा भेदभावहीन हुनैपर्छ भन्ने सशक्त सङ्केत गर्दछ। उच्चायुक्तको कार्यालय–नेपालले यो निर्णय कार्यान्वित भएको कुरा सुनिश्चित गर्न आफ्नो अनुगमन कार्यलाई जारी राख्नेछ।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org